# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ६ , अतिरिक्ताङ्क ११ , शनिश्चरे, फाल्गुण १९, २०७९ साल**


## भाग २

### अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सूचना

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९/११/१४ गते बसेको बैठकबाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि बमोजिमको ऐन सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

**हेभी इक्विपमेन्टहरुको सञ्चालन कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७९**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/११/१४**

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५ मा सामयिक संशोधन गर्नु आवश्यक भएकाले,

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालन संशोधन कार्यविधि, २०७९ रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) मूल कार्यविधि भन्नाले " अर्जुनधारा नगरपालिकाको हेभी इक्विपमेन्टहरुको सञ्चालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५" लाई सम्झनु पर्नेछ ।

३. मूल कार्यविधिमा संशोधनः मूल कार्यविधिमा देहाय बमोजिम संशोधन गरिएको छः

(१) दफा ३ को उपदफा (४) थप गरिएकोः " माथि जुनसुकै कुरा लेखिएको भएता पनि निम्न अवस्थामा सम्बन्धित वडा कार्यालयको सिफारिसमा एवं नगर प्रमुखको आदेशमा निशुल्क रुपमा हेभी इक्विपमेन्टहरु पठाउन सकिनेछः

क. प्राकृतिक तथा दैवी प्रकोप नियन्त्रण तथा उद्दार गर्नुपरेमा,

ख. सार्वजनिक महत्वको मेला,पर्व एवं चाडवाडमा नागरिकहरुको सुविधाका लागि तत्काल कुनै मर्मत वा त्यस्तै कार्य गर्नुपरेमा,

ग. नगरपालिकाको मुख्य सडकमा रहेका कुनै संरचनाहरु भत्किई तत्काल आवातजवात खुलाउनु परेमा ।

यसरी निःशुल्क पठाइने हेभी इक्विपमेन्टहरुको छुट्टै अभिलेख राखी सोको विवरण समय समयमा नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) अनुसुचीमा हेरफेरः मूल कार्यविधिको अनसुची १ देहाय बमोजिम कायम हुने गरी संशोधन गरिएको छ ।

**भाडादरः**

| साधन | ठेकेदारका लागि | | उपभोक्ता समितिका लागि | |
|---|---|---|---|---|
| | प्रतिदिन | प्रति घण्टा | प्रतिदिन | प्रति घण्टा |
| ट्रिपर | ५००० | ३००० | ५००० | ३००० |
| व्याक हो लोडर | - | ११०० | - | ८०० |
| रोलर | ११००० | २००० | ८००० | १२०० |
| ग्रेडर | १६००० | - | १३००० | २००० |
| ट्याङ्कर | ५००० | ३००० (आधादिन) | ४५०० | ३००० (आधा दिनका लागि) |

**द्रष्टव्यः**

१. उपर्युक्त बमोजिमको भाडादर इन्धन बाहेकको हो ।

२. उपभोक्ता समितिले रोलर प्रति घण्टाको दरलमा लैजादा न्यूनतम दुई घण्टाका लागि लानुपर्नेछ ।

**आज्ञाले,**

गीताकुमारी राई

अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

प्रमुख प्रशासकीय अधिकृत